नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड (MKHC) को साधारण शेयर सूचीकरण गरिएको

# सूचना

आज मिति २०७९/१२/०६ का दिन नेपाल स्टक एक्सचेन्ज लिमिटेड र माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड (नेप्से सिम्बोल MKHC) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको १,००,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष प्रभु क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुमा वितरण गरिएको १०,००,००० कित्ता (१०%), सर्वसाधारण लगानीकर्ता शेयरधनीहरुमा वितरण गरिएको (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) २४,००,००० कित्ता (२४%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ६६,००,००० कित्ता (६६%) शेयर (धितोपत्र) समेत गरी जम्मा १,००,००,००० (१००%) कित्ता साधारण शेयर वितरण भई धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/१२/०२ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पुनश्च</u> : मिति २०७९/१२/०६ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, धुम्बाराही रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा सिटिजन्स् क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०७९/१२/०६

नेपाल स्टक एक्सचेन्ज लिमिटेड स्टक काठमाडौं २०५०